त्रिभुवन विश्वविद्यालय
# शिक्षाध्यक्षको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल

पत्र संख्या च.नं.

भाद्र ७, २०७७

## त्रिभुवन विश्वविद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूलाई
## अत्यन्त जरुरी सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ नेपालमा पनि भित्रीसकेको अवस्थामा यसले जनस्वास्थ्यमा पार्ने गम्भीर असरलाई मध्यनजर राखि गत चैत्र ६ गतेदेखि त्रि.वि. मा सञ्चालन भइरहेका सम्पूर्ण पठनपाठन तथा परीक्षाहरू स्थगन गरिएको तथ्य सबैलाई विदितै छ । यो महामारीलाई तुरुन्तै नियन्त्रणमा लिने स्थिति नरहेको परिप्रेक्ष्यलाई आकलन गरि विश्वविद्यालयले चैत्रको तेस्रो सातादेखि नै पठनपाठनको बैकल्पिक विधिबाट कक्षाहरू सञ्चालन गर्न आफ्ना सबै शिक्षक, कर्मचारी तथा अध्ययनरत विद्यार्थीहरूको इमेल आई. डी. तयार गर्दै अनलाइन विधिबाट पठनपाठन सञ्चालन गरिरहेको छ । तर हालसम्म पनि कतिपय विद्यार्थीहरू आफू अध्ययनरत विभाग तथा क्याम्पसहरूको सम्पर्कमा नआएको जानकारी प्राप्त हुन आएको हुँदा पठनपाठन तथा स्थगन गरिएको परीक्षा व्यवस्थापन गर्न समस्या भएको छ ।

अत: त्रि.वि. मा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूलाई आआफ्नो अध्ययनरत विभाग/स्कूल/क्याम्पहरूमा तुरुन्तै सम्पर्क राखि पठनपाठनमा सहभागी हुन आग्रह गरिन्छ । यदि आफ्नो सम्पर्कमा त्रि.वि. मा अध्ययनरत कुनै विद्यार्थी भएमा सम्पूर्ण अभिभावक, स्थानीय सरकारका प्रतिनिधि, स्थानीय प्रशासन, समाजसेवी, शिक्षाविद् तथा अन्य सबै सरोकारवालाहरूलाई यही सूचनालाई आधार मानी तत्काल खबर गरिदिनुहुन हार्दिक अनुरोध गरिन्छ । साथै त्रि.वि. का सम्पूर्ण विभाग, स्कूल, क्याम्पस प्रशासन, डीन कार्यालयहरू समेतलाई विद्यार्थीलाई सम्पर्कमा ल्याउने कार्यमा तदारुकतासाथ लागि पर्न र विद्यार्थीलाई सम्पर्कका लागि सहज वातावरण मिलाउनुहुन समेत सूचित गरिन्छ ।

प्रा.डा. शिवलाल भुसाल
शिक्षाध्यक्ष

फोन: ४३३०३४२, फ्याक्स: ९७७-१-४३३१९६४, E-mail: rectoroffice@tribhuvan-university.edu.np, पोष्ट बक्स नं ८२१२